रुन्टीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

होलेरी, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## रुन्टिगढी गाउँपालिकाको गैर सरकारी संस्थाहरुसँग समन्वय, नियमन तथा व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी, २०७९

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९।११।२९

तयार पर्ने

रुन्टीगढी गाउँपालिका

झेनाम (होलेरी) , रोल्पा



CS Scanned with CamScanner

## गैर सरकारी संस्थाहरुसँग समन्वय, नियमन तथा व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी, २०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७९।११।२९

**प्रस्तावना**

रुन्टीगढी गाउँपालिकाले गैर सरकारी संस्थाहरुसंग समन्वय,सहकार्य, नियमन र व्यवस्थापन गरी गाउँपालिकामा हुने आर्थिक सामाजिक विकास लगायत अन्य कार्यहरुलाई प्रभावकारीता तथा उपलब्धिमूलक बनाउन, गाउँपालिका र गैर सरकारी सस्थाएवम् गैर सरकारी सस्था र गैर सरकारी सस्था बिचको सहकार्य तथा समन्वयलाई व्यवस्थित र प्रभावकारी बनाउन,गाउँपालिकामाकार्यक्रम संचालन गर्न, गैर सरकारीसंस्था संचालनमा सबल र सहज वातावरण सृजना गर्न,यस पालिकाको सामाजिक, आर्थिक, तथा मानवीय विकास लगायत समग्र विकासमा गैरसरकारी संस्थाहरुसंग भएको ज्ञान, सीप, क्षमता र स्रोत साधनको प्रभावकारी सदुपयोग गर्नगाउँपालिका भित्र रहेका गैर सरकारी संस्थाहरुलाई व्यवस्थित र नियमन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ७ को अधिकार प्रयोग गरी कार्यपालिकाबाट यो कार्यविधि जारी गरीएको छ ।

### परिच्छेद १ : प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

**(क)** यस निर्देशिकाको नाम गैर सरकारी संस्थाहरुसंग समन्वय, नियमन तथा व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७९ रहेको छ ।

**(ख)** यो कार्यविधि कार्यपालिकाबाट पारीत भएको मितिबाट लागु हुनेछ ।

**२ परीभाषा र व्याख्या**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा



Scanned with CamScanner

(क) "अध्यक्ष"भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष"भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) "पालिका"भन्नाले रुन्टीगढी गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(घ) "गैसस"भन्नाले नेपालको प्रचलित कानुन अनुसार दर्ता भएको गैर सरकारी संस्था, सामुदायिक सस्था त्यस्तै प्रकृतिका अन्य गैर नाफामूलक संस्था समितिहरुलाई सम्झनु पर्दछ ।

(ङ) "समन्वय समिति"भन्नाले यस कार्यविधि वामोजिम गठन हुने समन्वय समिति सम्झनु पर्छ ।

(च) "अन्य समिति"भन्नाले यस गाउँपालिकाका आवश्यकता अनुसार गठित समितिहरुलाई सम्झनु पर्दछ ।

(छ) "अनुगमन समिति"भन्नाले यस कार्यविधि वामोजिम गठन हुने अनुगमन समिति सम्झनु पर्दछ ।

(ज) "गैसस महासंघ"भन्नाले गैर सरकारी संस्थाहरुको छाता सङ्गठन गैरसरकारी संस्थामहासंघ नेपाललाई सम्झनु पर्दछ ।

(झ) "कार्यालय"भन्नाले रुन्टिगढी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद २ : नियमन र व्यवस्थापन

३. गाउँपालिका भित्र स्थापना र संचालन भएका गैससहरु सूचिकृत हुनुपर्ने :(१) गाउँपालिका क्षेत्रमा स्थापना हुने वा कार्य संचालन गर्न चाहने गैससले कार्य थालनी गर्नु भन्दा पहिला संस्थाले गर्ने काम र सो संग सम्बन्धित आधारभुत कागजात सहित गाउँपालिका कार्यालयमा सचिकृतको लागि निवेदन दिनुपर्नेछ ।

(२) उप दफा (१) वमोजिम सूचिकृतको लागि निवेदन पर्न आएमा कार्यालयले कागजातको अध्ययन गरी नियम संगत देखिएमा सूचिकृत गरी काम गर्न अनुमती दिन सक्नेछ ।



CS Scanned with CamScanner

(३) अनुमती वा सूचिकृतको लागि पेश भएका कागजात माथि थप बुझ्न आवश्यक लागेमा कार्यालयबाट थप कागजात माग गर्न सक्नेछ ।

(४) माग अनुसारको कागजात पेश नभएमा वा पेश भएका कागजातबाट कार्यालय सन्तुष्ट हुन नसकेमा अनुमती दिन कार्यालय बाध्य हुनेछैन ।

(५) दफा (२) बमोजिम अनुमती प्राप्त गरिसकेपछि गैससबाट संस्थाको प्रकृति अनुसार बजेट तथा कामको सम्बन्धमा कार्यपालिका सदस्यहरुलाई अभिमुखिकरण गर्नुपर्नेछ ।

४.गैरसरकारी संस्थाको बजेट गाउँसभाबाट स्वीकृत गराउनु पर्ने :(१) गैससहरुले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम गाउँसभाबाट स्वीकृत गराउनुपर्नेछ ।

(२) आफ्नो वार्षिक बजेट तथा कार्यक्रम गाउँसभाबाट स्वीकृत गराउन प्रत्येक वर्ष जेष्ठ मसान्त वा कार्यालयबाट माग गरेको समय भित्र वार्षिक कार्यक्रम सहित गाउँपालिका कार्यालयमा पेश गनुपर्नेछ ।

५. गाउँपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने :(१) गैससहरुले आँफुले गरेको कार्यको अर्धवार्षिक, वार्षिक तथा आवश्यकता अनुसार कार्यालयबाट माग भएको समयमा कार्य प्रगतीको प्रतिवेदन बुझाउनु पर्नेछ ।

## परिच्छेद ३ : सहकार्य र समन्वय

६. गाउँपालिका क्षेत्रभित्र काम गर्दा सहकार्य र समन्वय कायम गनुपर्ने :(१) गाउँपालिका क्षेत्र भित्र कार्य सम्पादन गर्दा गाउँपालिकाको नीति विपरितका कार्य गर्न पाइने छैन ।

(२) गैससहरु एक आपसमा र गैसस तथा गाउँपालिका विचमा काममा दोहरोपना पर्ने गरी कार्य नगरी समान उद्देश्य पूर्तिको लागि एक आपसमा समन्वय र सहकार्यमा कार्य गनुपर्नेछ ।

(३) समन्वय र सहकार्यको लागि आवश्यकता अनुसार समन्वय बैठक वा शाखाहरुसंग बैठक बसी सहकार्य र समन्वय गर्न सकिनेछ ।

(४) विषयगत शाखासँग सम्वन्धित विषयमा समन्वय गरी सहकार्य गर्न सकिनेछ भने नीतिगत विषयमा समन्वय समितिको बैठकबाट निर्णय गरी सहकार्य गरिनेछ ।



CS Scanned with CamScanner

७. समन्वय समितिको गठन :(१) गाउँपालिकास्तरमा समन्वय र सहकार्य गर्नको लागि देहाय अनुसारको समन्वय समिति रहनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) विषयगत समितिका संयोजकहरु | सदस्य |
| (ङ) विषयगत शाखा प्रमुखहरु | सदस्य |
| (च) गाउँपालिकामा सूचिकृत गैससका प्रतिनिधि | सदस्य |
| (छ) गैसस हेर्ने शाखा इकाई प्रमुख | सदस्य सचिव |

(२) समन्वय समितिमा आवश्यकता अनुसार बढिमा ४ जना सम्म आमन्त्रित सदस्य राख्न सकिनेछ ।

(३) समितिको बैठक वर्षमा कम्तिमा २ पटक र बढिमा आवश्यकता अनुसार बस्नेछ ।

(४) बैठकमा उपस्थित सदस्यहरु (आमन्त्रित समेत) ले प्रति बैठक रु.१०००। बैठक भत्ता वापत पाउनेछन् ।

(५) बैठक भत्ता, खाजातथा खाना सम्बन्धी खर्च आपसी समन्वयको आधारमा व्यवस्थापन गर्न सकिनेछ ।

८. समितिको काम,कर्तव्य र अधिकार :(१) समितिको काम,कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(क) गैसस सम्वन्धी नीति,योजनाहरुको तय गरी गाउँपालिका तथा गाउँसभामा पेश गर्ने,
(ख) गैससहरुसंग समन्वय र सहकार्य गर्ने,
(ग) गैससहरुको कार्यहरुको नियमन गर्ने,
(घ) कुनै गैरसरकारी संस्थावाट गाउँपालिकाको नियम वा नीति विपरित कार्य भएको पाइएमा सचेत गराउने वा कारवाही गर्ने वा कारवाहीको लागि आवश्यक प्रक्रिया अपनाउने,
(ङ) गैससबाट भएका कार्यहरुको समिक्षा गर्ने गराउने,
(च) गैससबाट भए गरेका कार्यहरुको अनुगमन गर्ने गराउने,
(छ) गैससहरुको बजेट स्वीकृतको लागि कार्यपालिका मार्फत गाउँसभामा पेश गर्ने,
(ज) सहकार्य वा साझेदारी सम्वन्धी कार्य गर्नुपर्ने भए कार्यपालिकामा सिफारिस गर्ने,
(झ) कार्यपालिकावाट तोकिएका वा अन्य आवश्यक कार्य गर्ने,

परिच्छेद ४ : विविध

९. अनुगमन समितिको व्यवस्था :(१) गैसस वा गाउँपालिका र गैससको साझेदारीमा भएका कार्यहरुको अनुगमन गर्नको लागि देहाय अनुसारको अनुगमन समिति रहनेछ :



CS Scanned with CamScanner

(क) गाउँपालिका उपाध्यक्ष संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य
(ग) सम्बन्धित शाखाको प्रमुख सदस्य
(घ) सम्बन्धित वडाको वडा अध्यक्ष सदस्य
(घ) सम्बन्धित गैससको प्रतिनिधि सदस्य
(ङ) गैसस हेर्ने शाखा/इकाई प्रमुख सदस्य

(२) समन्वय समितिका अध्यक्ष तथा अन्य सदस्य आवश्यकता अनुसार प्राविधिक लेखा हेर्नेशाखाका कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) अनुगमनमा खटिने पदाधिकारीहरुले अनुगमन गरेवापत प्रति पटक प्रति दिन रु.१०००। अनुगमन भत्ता पाउनेछन ।

१०. वडा तहमा पनि समन्वय गर्नुपर्ने :(१) गैससहरुले वडा तहमा पनि कामको सिलसिलामा वडा अध्यक्ष तथा वडा समितिसंग समयन्वय गर्नुपर्नेछ ।

(२) गाउँपालिकामा सूचिकृत भई वडा तहमा कार्य गर्ने गरी गएको गैससलाई वडा तहवाट पनि सहयोग गर्नुपर्नेछ ।

११. समिक्षा गर्नुपर्ने : गैससहरुले आँफुले गरेका कार्यहरुको गाउँपालिकामा समिक्षा गर्नुपर्नेछ ।

१२. बाधा अड्काउ फुकाउने :यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै दुविधा आइपरेमा समन्वय समितिको सिफारिसमा कार्यपालिकाबाट बाधा अड्काउ फुकाई कार्यसम्पादन गरिनेछ ।



CS Scanned with CamScanner